# १० औ मानव अधिकार राष्ट्रिय महाभेलाको समुद्घाटन समारोहमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माले दिनुभएको मन्तब्य

**मानव अधिकारकर्मी मित्रहरु, आमन्त्रित विशिष्ट अतिथिज्यूहरु ।**

यस वर्ष हामी दशौं मानव अधिकार राष्ट्रिय महाभेला आयोजना गर्न गइरहेकोमा म अत्यन्त हर्षित भएको छु । संयुक्त राष्ट्र संघको मानव अधिकार सम्बन्धी वडा पत्र जारी भएको ७० बर्ष पुगेको छ र राष्ट्रिय मानव अधिकार सम्बन्धी संरचनाको स्थापना गरिने सम्वन्धी संयुक्त राष्ट्र संघको पेरिस सिद्धान्त (Paris Principle) जारी भएको पनि २५ बर्ष पुगेको छ । राष्ट्रिय मानव अधिकार आयोग र गैरसरकारी संघ संस्था, नागरिक समाजसँगको निरन्तर सहकार्यमा मानव अधिकार राष्ट्रिय महाभेला आयोजना गर्न पाउनु आयोगको गौरवको कुरा हो ।

यस दशौ महाभेलामा संयोजन गर्ने अवसरलाई Youth Advocacy Nepal, पौरखी नेपाल र फातिमा फाउन्डेसनको सह संयोजन सहितको समुहलाई हार्दिक बधाई दिन चाहन्छु । आगामी दिनहरुमा पनि यसरी नै मानव अधिकार महाभेलालाई निरन्तरताका लागि सक्रिय रुपमा साथ दिनुहुनेछ भन्ने मैलै विश्वास लिएको छु ।

मानव अधिकारको विश्व व्यापी घोषणापत्रले अपनाएका सिद्धान्तहरुहरुलाई व्यवहारमा कार्यान्वयन गर्न र सवै बर्ग, समुदायका नागरिकहरुलाई मानव अधिकारकारको प्रत्याभूति दिलाउन हामी सवै सँधै क्रियाशिल रहनुपर्दछ । राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक र कानूनी कार्यादेश बमोजिम मानव अधिकारको संरक्षण, सम्बर्धन र सुनिश्चित गर्ने दायित्वलाई पूरा गर्ने कार्यक्रमा नागरिक समाज, मानव अधिकारकर्मी र संघ सस्थाहरुको सदैव महत्वपूर्ण भूमिका रहेको छ र रहने नै छ ।

यस्ता महाभेला र छलफलले मानव अधिकारका मूलभूत विषयहरुलाई प्रवर्द्धन गर्न र राज्यको दायित्वलाई उजागर गर्न विशेष भूमिका खेलेको हुन्छ । आयोगले तय गरेका **घर घरमा मानव अधिकार विकास र शान्तिको आधार** भन्ने नारालाई निश्चयनै घर घरमा पुर्‍याउनको लागि मद्दत मिल्ने छ भन्ने मैले अपेक्षा लिएको छु । अन्त्यमा, आमन्त्रित सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै बिदा हुन्छु ।

॥ धन्यवाद ॥

२०७५/८/२३